नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

नेपाल सरकार चिकित्सा शिक्षा आयोग सानोठिमी, भक्तपुर

मिति :- २०७९/११/१२

## चिकित्सा शिक्षा स्नातकोत्तर तहको विदेशी समूह तथा सरकारी समूहतर्फका उम्मेदवारहरूको भौतिक उपस्थितिमा हुने दोस्रो/अन्तिम म्याचिङ र खुला समूहतर्फको अनलाइन प्राथमिकता निर्धारणको कार्यतालिका प्रकाशित गरिएको सूचना

यस आयोगद्वारा लिइएको चिकित्सा शिक्षा स्नातकोत्तर तहको एकीकृत प्रवेश परीक्षाको मिति २०७९/०९/०४ र ०६ गते प्रकाशित नतिजाको योग्यताक्रममा रहेका सरकारी समूह र पहिलो प्राथमिकतामा रहने गरी आवेदन दिएका विदेशीतर्फका उम्मेद्वारहरूको मिति २०७९/०९/१४ गते भएको पहिलो म्याचिङको भर्ना पश्चात् रिक्त हुन आएका सिटहरूका लागि मिति २०७९/०९/२४ गतेका दिन भौतिक उपस्थितिमा हुने गरी तय भएको सरकारी समूहतर्फका उम्मेदवारहरूका लागि दोस्रो तथा अन्तिम म्याचिङको कार्यतालिका सम्मानित सर्वोच्च अदालतको एकल इजलासबाट मिति २०७९/०९/१७ गते भएको अन्तरिम आदेश पश्चात् आयोगको मिति २०७९/०९/२० गतेको सूचना बमोजिम स्थगित गरिएकामा सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७९/११/०४ गते भएको अन्तिम फैसला आदेश यस आयोगमा मिति २०७९/११/११ गते प्राप्त भएकाले सो आदेश बमोजिम चिकित्सा शिक्षा स्नातकोत्तर तहको विदेशी समूह तथा सरकारी समूहतर्फका उम्मेदवारहरूको भौतिक उपस्थितिमा हुने दोस्रो/अन्तिम म्याचिङ र खुला समूहतर्फको अनलाइन प्राथमिकता निर्धारणका लागि देहाय बमोजिम हुनेगरी यो सूचना प्रकाशित गरिएको छ ।

**अ. विदेशी समूहतर्फका दोस्रो प्राथमिकतामा रही आवेदन दिएका योग्य उम्मेदवारहरूको म्याचिङ**

विदेशी समूहका दोस्रो प्राथमिकतामा रही आवेदन दिएका योग्य उम्मेदवारहरूको भौतिक उपस्थितिमा योगताक्रमबमोजिम रोजाइका आधारमा शिक्षण संस्था र शैक्षिक कार्यक्रम/विषय छनौट गर्ने म्याचिङ कार्यका लागि मिति २०७९/११/१९ गते देहायबमोजिम हुनेगरी म्याचिङको कार्यतालिका प्रकाशित गरिएको छ ।

नेपाल सरकार
# चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np
सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-
चलानी नं. :-

१. **विदेशी समूहतर्फको उम्मेदवारको भौतिक उपस्थितिमा हुने म्याचिङको कार्यतालिका**

| S.N. | Program | Particulars | Date/Time (NPT) |
|---|---|---|---|
| 1. | MD/MS (Doctor of Medicine/Master of Surgery)/ NBMS Specialties | Registration | २०७९ फागुन १९ गते बिहान १०:०० बजेदेखि १०:३० सम्म (3rd March 2023, NPT 10:00 AM) |
| | | Matching | २०७९ फागुन १९ गते बिहान १०:३५ बजेदेखि ११:११ सम्म (3rd March 2023, NPT 10:35 AM) |

**विदेशी समूहतर्फको भौतिक उपस्थितिमा हुने म्याचिङ कार्यक्रमको स्थान :-** चिकित्सा शिक्षा आयोगको हल, सानोठिमी, भक्तपुर ।

२. **विदेशी समूहतर्फको भर्नासूची प्रकाशन तथा भर्नासम्बन्धी कार्यतालिका**

भर्नासूची प्रकाशन :- मिति २०७९/११/१९ गते शुक्रबार

विद्यार्थी भर्ना :- मिति २०७९/११/२१ गते आइतबार बिहान १०:०० देखि
मिति २०७९/११/३० गते मङ्गलबार अपरान्ह ४:०० सम्म

आ. **सरकारी समूहतर्फको दोस्रो तथा अन्तिम म्याचिङ (second/final open house matching)**

**सरकारी समूह**तर्फका उम्मेद्वारहरूका लागि उम्मेदवारको भौतिक उपस्थितिमा योग्ताक्रमका आधारमा शिक्षण संस्था र शैक्षिक कार्यक्रम (subject) छनौट गर्ने कार्यका लागि मिति २०७९/११/१९ गते दोस्रो तथा अन्तिम म्याचिङको कार्यतालिका देहायबमोजिम हुनेगरी प्रकाशित गरिएको छ ।

सरकारी समूहतर्फका उम्मेदवारहरूका लागि तोकिएको **दोस्रो तथा अन्तिम म्याचिङ**को कार्यतालिका बमोजिम निर्धारित मिति र समयमा उम्मेद्वार स्वयम् उपस्थित भई नामदर्ता (registration) नगर्ने साथै कार्यतालिका बमोजिम कार्यक्रम शुरु भएपश्चात् आउने उम्मेद्वारहरू र वैदेशिक अध्ययन अनुमतिपत्र लिएका उम्मेद्वारहरूलाई म्याचिङमा समावेश गराइने छैन ।

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

## (परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

**१. सरकारी समूहतर्फको दोस्रो तथा अन्तिम म्याचिङको कार्यतालिका**

मिति :- २०७९/११/१९ गते शुक्रबार

| क्र.सं. | शैक्षिक कार्यक्रम | क्रियाकलाप | समय |
|---|---|---|---|
| १. | • MD/MS (Doctor of Medicine/Master of Surgery)/NBMS Specialties<br>• MDS (Master in Dental Surgery)<br>• Master in Nursing/MSc Nursing/MSc Midwifery | नामदर्ता | बिहान १०:०० देखि ११:०० सम्म |
| | | म्याचिङ | बिहान ११:१५ देखि अपरान्ह १२:१५ सम्म |
| ३. | • MPH (Master of Public Health)/MSc PH (Master of Science in Public Health), MPHN, MHPE, MPH (Public Health Service Management)<br>• Master in Pharmacy (MPharm), MSc Pharmacy, Master of Pharmaceutical Science, Pharm D (Post- Baccalaureate)<br>• MSc MIT | नामदर्ता | अपरान्ह १२:०५ देखि अपरान्ह १:०० सम्म |
| | | म्याचिङ | अपरान्ह १:१५ देखि अपरान्ह २:३० सम्म |

**सरकारी समूहतर्फको भौतिक उपस्थितिमा हुने म्याचिङ कार्यक्रमको स्थान :-** चिकित्सा शिक्षा आयोगको हल, सानोठिमी, भक्तपुर ।

**२. सरकारी समूहतर्फको उम्मेदवारले साथमा लिई आउनुपर्ने प्रमाणपत्र तथा कागजातहरू**

क. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले प्रदान गरेको सक्कल पूर्व-स्वीकृति पत्र

ख. प्रवेश-पत्र

ग. नेपाली नागरिकताको सक्कलै प्रमाणपत्र

घ. शैक्षिक योग्यता र विदेशी विश्वविद्यालयबाट उपाधी हासिल गर्नेको हकमा समकक्षताको सक्कल प्रमाणपत्रहरू

**३. सरकारी समूहतर्फको दोस्रो तथा अन्तिम भर्नासूची प्रकाशन तथा भर्नासम्बन्धी कार्यतालिका**

भर्नासूची प्रकाशन :- मिति २०७९/११/१९ गते शुक्रबार

नेपाल सरकार
चिकित्सा शिक्षा आयोग
(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

विद्यार्थी भर्ना :- मिति २०७९/११/२१ गते आइतबार दिनको १०:०० बजेदेखि मिति २०७९/११/३० गते मङ्गलबार अपरान्ह ४:०० बजेसम्म

**इ. खुला समूहतर्फको अनलाइन प्राथमिकता निर्धारण (Online Priority Setting)**

मिति २०७९/०९/०७ गतेको सूचनाको कार्यतालिका बमोजिमको **खुला समुहतर्फको प्राथमिकता निर्धारणको समय** २०७९/०९/१४ देखि २२ गतेसम्म रहेकामा सम्मानित सर्वोच्च अदालतको अन्तिरिम आदेश पश्चात् मिति २०७९/०९/२० गतेको सूचनाबमोजिम स्थगित गरिएको प्राथमिकता निर्धारणको बाँकी रहेको दुईदिनको अवधिका लागि देहायबमोजिम हुनेगरी कार्यतालिका प्रकाशित गरिएको छ ।

१. **खुला समूहतर्फको अनलाइन प्राथमिकता निर्धारण गर्ने कार्यतालिका**

| S.N. | Particulars | Date/Time (NPT) |
|---|---|---|
| १. | Online Priority Setting OPEN | २०७९ फागुन १८ गते बिहान १०:०० बजे |
| | Online Priority Setting CLOSE | २०७९ फागुन १९ गते अपरान्ह ५:०० बजे |

२. **अनलाइन प्रणालीमा शिक्षण संस्था र शैक्षिक कार्यक्रमको प्राथमिकता निर्धारण (Online Priority Setting) गर्ने प्रक्रिया**

क. एकीकृत प्रवेश परीक्षाको नतिजामा योग्यताक्रमको सूचीमा रहेका उम्मेदवारले https://entrance.mec.gov.np:82 मा ब्राउज (browse) गरी Check your Status खण्डमा रहेको **"MECEE-PG 2022"** बटनमा क्लिक गर्नु पर्नेछ ।

ख. अनलाइन आवेदन फाराम भर्दा उल्लेख गरेका विवरणहरू (Nationality, level, program, contact number, date of birth र voucher number) उपयुक्त फिल्डहरूमा भरी "Search your status" बटन क्लिक गरेपछि आफ्नो प्रोफाइल खुल्नेछ

ग. आफ्नो प्रोफाइल खुलिसकेपछि अनलाइन प्राथमिकता निर्धारण गर्नका लागि प्रोफाइमा रहेको **"Set College-Program Priority"** बटनमा क्लिक गर्नु पर्नेछ ।

☎ ०१-६६३९४१४
६६३९४१५
६६३९४१६
एक्स्टेन्सन : ३३, ३४, ३५
वेबसाइट : www.mec.gov.np
इमेल: entrance@mec.gov.np

पत्र संख्या :-
चलानी नं. :-

सानोठिमी, भक्तपुर ।

घ. यस सूचनामा तथा शैक्षिक संस्था/विषय छनौट गर्ने अनलाइन प्रणालीमा दिइएको जानकारीहरू अध्ययन गरी प्राथमिकता निर्धारण गर्ने कार्य गर्नु पर्नेछ । सिट सङ्ख्या सम्बन्धी जानकारीका लागि आफ्नो प्रोफाइलको माथिल्लो भाग (top menu) मा रहेको **"Seat distribution"** मेनुमा क्लिक गरी जानकारी लिन सकिनेछ ।

ङ. प्राथमिकता निर्धारण गर्नका लागि आफ्नो प्रोफाइलमा रहेको **"Add College and Program"** बटनमा क्लिक गरेपछि शैक्षिक संस्था र विषय ड्रपडाउन मेनु (drop-down menu) मा देखिएको सूचीबाट प्राथमिकताक्रमका आधारमा शैक्षिक संस्था र कार्यक्रम/विषय छनौट गर्नु पर्नेछ । त्यहाँ रहेको **"Insert below"** र **"Insert above"** बटनले उम्मेदवारहरुको प्राथमिकताक्रम थप्न, घटाउन वा सच्याउन सकिनेछ ।

च. उम्मेदवारले प्राथमिकता निर्धारण गरेपछि **"Save college program priority"** बटनमा क्लिक गर्नु पर्नेछ ।

छ. **आफूले अध्ययन गर्न चाहेको शैक्षिक संस्था र विषय मात्र छनौट गरी प्राथमिकता निर्धारण गर्नु पर्नेछ ।**

ज. आयोगले निर्धारण गरेको अनलाइन प्राथमिकता निर्धारण (online priority setting) को समयसीमाभित्र आफूले चयन गरेको प्राथमिकता संशोधन गर्न सकिनेछ । प्राथमिकता निर्धारण वा परिवर्तन गरेपश्चात् **"Save college program priority"** बटनमा क्लिक गरी सुरक्षित (save) गर्नु पर्नेछ । निर्धारित समय समाप्त भए पश्चात् प्राथमिकता संशोधन गर्न सकिने व्यवस्था नभएकाले सम्पूर्ण कार्य सावधानीका साथ गर्नु पर्नेछ ।

झ. शैक्षिक संस्था र विषय छनौट गर्दा निःशुल्क वा सःशुल्क (paying) निक्यौंल गरी छनोट गर्नु पर्नेछ । सार्वजिनक शिक्षण संस्थाका सिटहरू नेपाली विद्यार्थीका लागि निःशुल्क तथा नीजि शैक्षिक संस्थामा आयोगले तोकेको शुल्क लागू हुने व्यवस्था रहेको छ ।

नेपाल सरकार

# चिकित्सा शिक्षा आयोग

(परीक्षा निर्देशनालय)

☎ ०१-६६३९४१४, ६६३९४१५, ६६३९४१६

एक्स्टेन्सन : ३३, ३४, ३५

वेबसाइट : www.mec.gov.np

इमेल: entrance@mec.gov.np

सानोठिमी, भक्तपुर ।

पत्र संख्या :-

चलानी नं. :-

ञ. उम्मेद्वारहरूले शैक्षिक संस्था र विषयको प्राथमिकता निर्धारण गर्न तोकिएको समय समाप्त भएपश्चात् आफूले निर्धारण गरेको प्राथमिकताको कन्फर्मेसन पेज (confirmation page) डाउनलोड (download) गरी सुरक्षित राख्नु पर्नेछ ।

ट. शैक्षिक संस्था र कार्यक्रम/विषय छनौट गर्ने समय समाप्त भएपश्चात् उम्मेदवारको योग्यताक्रम, प्राथमिकता र उपलब्ध सिटका आधारमा कम्प्युटरमा आधारित म्याचिङ (computer based matching) प्रणालीबाट म्याचिङका प्रक्रिया अगाडि बढाइने छ ।

ठ. मिति २०७९/०९/०७ गतेको सूचना अनुसार यसअघि नै अनलाइन प्राथमिकता निर्धारण गरिसकेका खुला समूहतर्फका उम्मेदवारहरूले समेत आफ्नो प्रोफाइलमा गएर यस सूचनामा माथि उल्लिखित प्रक्रिया बमोजिम प्राथमिकता संशोधन वा थपघट गर्न सक्नेछन् । तर प्राथमिकता संशोधन वा थपघट गरेपश्चात् संशोधन कार्यान्वयनका लागि **"Save college program priority"** बटनमा क्लिक गरी सुरक्षित (save) गर्नु पर्नेछ ।

ड. उम्मेदवारले आफ्नो प्रोफायलमा लगइन गर्नका लागि व्यक्तिगत विवरणहरू भर्ने सम्बन्धित वेबपोर्टल (https://entrance.mec.gov.np:82) मा प्रवेश गर्न मोबाइलबाट तलको क्युआर कोड (QR code) स्क्यान गरेर पनि सकिनेछ ।

ढ. खुला समुहको म्याचिङसम्बन्धी कार्यतालिका पछि प्रकाशन गरिने छ ।

उपसचिव